Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्षः २६ | अंकः १४९ | वि.सं. २०८३ | भदौ | २६ | शुक्रबार | नेपाल संवतः ११४५, | भाद्र कृष्ण औंसी | Friday | 11 | September | 2026 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५ ।-

## कर्णालीमा बढ्दो मानसिक स्वास्थ्य समस्या

# जोखिममा बालबालिका र युवा

**आर्थिक वर्ष २०८२/०८३ मा देशभर सात हजार एक सय ३२ जनाको आत्महत्याबाट मृत्यु भएको छ । तथ्यांक अनुसार विश्वमा हरेक वर्ष करिब आठ लाख मानिसले आत्महत्या गर्छन् । प्रत्येक ४० सेकेन्डमा एक जनाको आत्महत्याबाट मृत्यु हुने तथ्यांक छ । नेपालमा औसतमा दैनिक २० जनाको आत्महत्याबाट मृत्यु हुने गरेको तथ्यांकले देखाउँछ ।**

**ओम शाही**
**सुर्खेत, २५ भदौ ।**

कर्णाली प्रदेशमा मानसिक स्वास्थ्य समस्याले आत्महत्याको दर डर लाग्दोगरी बढ्दै गएको पाइएको छ। गत आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशभर आत्महत्याबाट तीन सय एक जनाको मृत्यु भएको छ। सोही अवधिमा आत्महत्यासम्बन्धी दुई सय ९९ वटा घटना प्रहरीमा दर्ता भएका छन्।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको तथ्यांकअनुसार आत्महत्याबाट मृत्यु हुनेमा युवा उमेर समूहका मानिसको संख्या बढी छ। १९ देखि ३० वर्ष उमेर समूहका एक सय जनाको आत्महत्याबाट मृत्यु भएको छ। १८ वर्षभन्दा कम उमेरका ७१ जना, ३१ देखि ४१ वर्ष उमेर समूहका ७० जना, ४२ देखि ५९ वर्षका ४६ जना र ६० वर्षभन्दा माथिका १४ जनाको मृत्यु भएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

उमेर समूहको तथ्यांकले युवासँगै बालबालिका तथा किशोरकिशोरीमा पनि आत्महत्याको समस्या देखिएको छ। १८ वर्षभन्दा कम उमेरका ७१ जनाको मृत्यु भएको प्रहरीको तथ्यांकले देखाउँछ। पछिल्लो समय विद्यालय जाने उमेरका साना बालबालिकामा पनि मानसिक स्वास्थ्य समस्याको विकरालरुप देखिनु विद्यालय, परिवार र समुदायका लागि चुनौतीको विषय बन्दै गएको छ। बालबालिका तथा युवाको मानसिक अवस्था, उनीहरूले भोगिरहेका समस्या र तनावबारे समयमै ध्यान दिनुपर्ने तथ्यांकले पुष्टि गर्छ।



जिल्लागत तथ्यांकअनुसार आत्महत्यासम्बन्धी

बाँकी ३ पेजमा

### पारिवारिकदेखि आर्थिक समस्यासम्म

आत्महत्याका पछाडि विभिन्न कारण हुने स्वास्थ्यकर्मीहरु बताउँछन्। बिहिबार आत्महत्या रोकथाम दिवस २०२६ का अवसरमा सामाजिक विकास मन्त्रालयको आयोजनामा आयोजित 'आत्महत्या रोकथामबारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मानसिक रोग विशेषज्ञ डाक्टर सुशील समदर्शीले आत्महत्याका पछाडि विभिन्न कारणहरु जोडिने गरेको बताए।

'आत्महत्या कुनै एउटै कारणले हुँदैन, यो जैविक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक

बाँकी ३ पेजमा

## लुम्बिनीमा स्वास्थ्य संस्था दर्ता र नवीकरण व्यावहारिक बनाइँदै

**युग संवाददाता**
**बाँके, २५ भदौ ।**

लुम्बिनी प्रदेशमा स्वास्थ्य संस्था दर्ता र नवीकरण प्रक्रियालाई व्यावहारिक बनाउने तयारी गरिएको छ। बाँकेको जानकी गाउँपालिका-३ मानपुरस्थित साइनिङ अस्पतालको बुधबार अनुगमन गर्दै लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री दीपेन्द्रकुमार पुनले निजी स्वास्थ्य संस्थाको दर्ता र नवीकरण प्रक्रियालाई सहज बनाइने बताए। उनले विगतमा प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने प्रावधानलाई हाल तीन वर्ष बनाइएको उल्लेख गरे।

"मानव स्वास्थ्यसँग जोडिएको संवेदनशील क्षेत्र अस्पताल आफैंमा जिम्मेवार निकाय हो, यसको दर्ता र नवीकरणमा प्रदेश सरकारले व्यावहारिक हुने गरी काम गर्नेछ", उनले भने, "विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै समस्या समाधानका लागि आवश्यक समन्वय गर्नेछ, त्यसका लागि अस्पताल पनि जिम्मेवार बन्न जरुरी छ।"

प्रदेशको स्वास्थ्य क्षेत्रमा रहेका समस्या र तिनको समाधानका उपायबारे आफूले स्थलगत रूपमा अध्ययन गरिरहेको बताउँदै उनले सरकारी अस्पतालको स्तरोन्नति, सेवा प्रवाहमा प्रभावकारिता र अन्तर-मन्त्रालय समन्वयमा जोड दिइएको बताए।

निजी स्वास्थ्य संस्थाले प्रदेशको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान गरिरहेको उल्लेख गर्दै उनले सरकार र निजी क्षेत्रबीच थप सहकार्य आवश्यक रहेको स्पष्ट पारे। लुम्बिनी प्रदेशका निजी अस्पताल सञ्चालकले अस्पताल नवीकरणको विद्यमान प्रावधानलाई व्यावहारिक बनाउन, नवीकरणको अवधि तीन वर्षबाट बढाएर पाँच वर्ष कायम गर्न सरकारसँग आग्रह गरेको प्रसङ्ग जोड्दै मन्त्री पुनले यसलाई व्यावहारिक बनाइने बताए।

मन्त्री पुनले साइनिङ अस्पताल बाँकेले लुम्बिनी प्रदेशमात्र नभई पश्चिम नेपालकै जनतालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न सफल भएकामा प्रशंसा गरे। सो अवसरमा अस्पतालका प्रमुख मङ्गल थारूले साइनिङ अस्पतालको सेवा प्रवाहका बारेमा जानकारी गराएका थिए।

## बाँकेमा फरार १७१ जना कैदी तथा बालबन्दी पक्राउ



**युग संवाददाता**
**बाँके, २५ भदौ ।**

जेनजी आन्दोलनको एक वर्षमा बाँकेका दुई वटा बालसुधारगृह र एउटा कारागारबाट फरार भएका ३४० जनामध्ये १७१ जना कैदी तथा बालबन्दीलाई पक्राउ गरिएको छ। सो अवधीमा अझै १६९ जना बालबन्दी तथा कैदी बन्दी सम्पर्कमा आउन सकेका छैनन्। गत वर्ष भदौ २३ र २४ गते राति उनीहरू फरार भएका थिए।

जिल्लाको बैजनाथ गाउँपालिकास्थित नौबस्ता बालसुधारगृह, डुडुवा गाउँपालिकास्थित जयन्दु बाल सुधार गृह र नौबस्ता क्षेत्रीय कारागारबाट भागेका थिए। तीमध्ये जयन्दु बालसुधारगृहबाट भागेका ११५ जनामध्ये ६८ जना, नौबस्ता बालसुधारगृहबाट भागेका ७८ जनामध्ये ४७ जना र क्षेत्रीय कारागार नौबास्ताबाट फरार भएका १४७ जनामध्ये ५६ जना पक्राउ परेका छन्।

जयन्दु बालसुधारगृहका प्रमुख किशोर शर्माले आन्दोलनका समयमा सुधारगृहबाट भागेका ११५ बालबन्दीमध्ये ६८ जना पक्राउ परेको जानकारी दिए। उनले अझै ४७ जना फरार रहेको उल्लेख गर्दै उनीहरूको खोजीकार्य जारी रहेको बताए। शर्माका अनुसार फरार भएकामध्ये केहीलाई विभिन्न स्थानबाट पक्राउ गरिएको र केही आफैं सुधारगृहमा फर्किएका थिए।

नौबस्ता बालसुधारगृहका प्रमुख श्यामबहादुर रानाले जेनजी आन्दोलनका क्रममा सुधारगृहमा रहेका १७६ बालबन्दीमध्ये ७८ जना भागेको बताए। सो क्रममा प्रहरीसँगको झडपमा पाँच जना बालबन्दीको मृत्यु भएको थियो। उहाँले फरारमध्ये ४७ जना पक्राउ परिसकेको र ३१ जनाको खोजी भइरहेको छ।

नौबस्ता क्षेत्रीय कारागारबाट फरार भएका १४७ कैदीमध्ये एक वर्षको अवधिमा ५६ जना पक्राउ परेका छन्। कारागार प्रमुख दलबहादुर बस्नेतले १८ जना भारतीय नागरिकसहित ९१ जना अझै सम्पर्कविहीन भएको जानकारी दिए। आन्दोलनका बेला सो कारागारमा ५८५ कैदी रहेका थिए।






## सम्पादकीय....

# जेन-जी आन्दोलनको मर्मअनुरुप काम गर

जेन-जी आन्दोलनले उठाएका प्रश्न केवल काठमाडौंमा सीमित थिएनन् । २३ भदौ २०८२ मा काठमाडौंमा आन्दोलन सुरु भएको करिब एक घण्टापछि सुर्खेतको वीरेन्द्रनगरमा पनि युवाहरू सडकमा उत्रिए । पहिलो दिनको प्रदर्शन शान्त थियो । तर, काठमाडौंमा आन्दोलनकारीमाथि गोली चलेको र मृत्यु भएको खबर फैलिएपछि त्यसको प्रभाव भोलिपल्ट वीरेन्द्रनगरमा देखियो । २४ भदौमा शान्तिपूर्ण प्रदर्शन क्रमशः तोडफोड र आगजनीमा परिणत भयो । त्यो दिन वीरेन्द्रनगरमा भएको क्षति सामान्य थिएन । जिल्ला प्रशासन कार्यालयका अनुसार २५ वटा सरकारी कार्यालय तथा निवासमा क्षति पुग्यो । निजी संरचनासमेत जोड्दा क्षति भएका संरचनाको संख्या ३० पुगेको छ । सरकारी कार्यालय, निवास तथा निजी संरचनामा भएको तोडफोड र आगजनीबाट १९ करोड ७५ लाख ४५ हजार ६ सय ३९ रुपैयाँ बराबरको क्षति भएको छ । ९४ वटा सवारी साधनमा समेत क्षति पुग्यो, जसमा ८६ सरकारी र ८ वटा निजी थिए । सवारी साधनको आर्थिक मूल्यांकन भने गरिएको छैन ।

तर, प्रश्न यतिमै सकिँदैन । आन्दोलनको क्रममा प्रदेश सभा सचिवालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, मुख्यमन्त्री निवास, नगरपालिका, वडा कार्यालय, नापी कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भेरी-बबई डाइभर्सन आयोजना, भेरी करिडोर आयोजना लगायतका सार्वजनिक संरचना क्षतिग्रस्त भए । यी संरचना केवल भवन होइनन्, नागरिकलाई सेवा दिने राज्यका संस्थागत आधार हुन् । तिनमा भएको क्षति अन्ततः राज्यकै होइन, नागरिककै क्षति हो । विडम्बना के छ भने आन्दोलन भएको एक वर्ष पुग्दापनि पूर्ण रूपमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणले गति लिन सकेको छैन । सामान्य मर्मतपछि अधिकांश कार्यालयबाट सेवा सञ्चालन भइरहे पनि प्रदेश सभा सचिवालयको बैठक कक्ष अझै अस्थायी संरचनाबाट सञ्चालन भइरहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको पहिलो तला पूर्ण रूपमा जलेको र दोस्रो तलामा ठूलो क्षति पुगे पनि स्थायी पुनर्निर्माण पूरा भएको छैन । कतिपय वडा कार्यालयले त चन्दा उठाएर सामान्य मर्मत गरी सेवा सञ्चालन गरिरहेका छन् । राज्यले क्षतिको आर्थिक मूल्यांकन गर्नु आवश्यक थियो, गरेको पनि छ । तर, आन्दोलनको वास्तविक मूल्य केवल १९ करोड ७५ लाख ४५ हजार ६ सय ३९ रुपैयाँमा सीमित छैन । यसले राज्यप्रति युवामा बढेको असन्तुष्टि, राजनीतिक दल र सार्वजनिक संस्थाप्रतिको अविश्वास तथा जवाफदेहिताको मागलाई सतहमा ल्याएको थियो । त्यसैले भौतिक संरचना मर्मत गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन । एक दिनको आक्रोशले करोडौंको क्षति गराउन सक्छ । तर, त्यस आक्रोश जन्माउने कारण समाधान नगर्दा अर्को क्षति अझ ठूलो हुन सक्छ । त्यसैले सरकारले क्षतिग्रस्त भवन पुनर्निर्माणसँगै आन्दोलनले उठाएका प्रश्नको जवाफ खोज्नुपर्छ । युवाको असन्तुष्टिलाई तोडफोड र आगजनीका रूपमा बुझेर पुग्दैन । त्यसको कारण पहिचान गरी सुशासन, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वास पुनःस्थापित गर्नु आजको मुख्य आवश्यकता हो । वीरेन्द्रनगरमा भएको क्षतिको हिसाब राज्यसँग छ । अब त्यस आन्दोलनले खोजेको परिवर्तनको हिसाब पनि राज्यले दिनुपर्छ । जेन-जी आन्दोलनको मर्मअनुरुप काम गर्न नसकिएको खण्डमा यसले अझ अर्को खतरनाक विद्रोह निम्त्याउन सक्ने जोखिम टरेको छैन । नेपालका हरेक परिवर्तनमा जनताले ठुलो बलिदानी दिदै आएका छन् । ति बलिदानीबाट बनेका सरकारहरुले जनअपेक्षा अनुसार काम गर्न नसक्दा देशमा निराशाका बाढी आउनेक्रम कहिल्यै रोकिएको छैन । यसर्थ, जेन-जी आन्दोलनको रापतापले बनेको रास्वपा नेतृत्वको सरकारले जनअपेक्षा पुरा गर्नेगरी काम गर्न कुनै कसरत बाँकी नराखोस् ।

## विश्व

# ट्रम्पको पाँच हजार डलर लाभांशको वाचा

**डालस, २५ भदौ ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले काङ्ग्रेसका दुवै सदनमाथिको नियन्त्रण कायम राखे प्रत्येक वयस्क अमेरिकी नागरिकलाई पाँच हजार अमेरिकी डलर दिने वाचा गरेका छन् ।

डालसमा आयोजित रिपब्लिकन मध्यावधि सम्मेलनलाई सम्बोधन गर्दै उहाँले प्रस्तावित रकमलाई 'ट्रम्प लाभांश' को संज्ञा दिँदै रिपब्लिकन विजयी भए नागरिकले त्यसको प्रत्यक्ष लाभ पाउने दाबी गरे । "रिपब्लिकनहरू विजयी भएमा तपाईंहरू पनि हामीसँगै विजयी हुनुहुनेछ र पाँच हजार डलर पाउनुहुनेछ । यसलाई ट्रम्प लाभांश भनिन्छ", उनले भने । राष्ट्रपति ट्रम्पले रकम कहाँबाट जुटाइने हो भन्नेबारे स्पष्ट पारेनन् । प्रत्येक वयस्कलाई पाँच हजार डलर दिँदा राज्यकोषमा पर्ने भार खर्बौं डलर पुग्न सक्ने भए पनि उनले "हाम्रो देशले यति धेरै पैसा कमाउँदैछ" भने ।

नोभेम्बर ३ को निर्वाचनमा रिपब्लिकनलाई जिताउन समर्थकलाई आग्रह गर्दै उहाँले आफू मतपत्रमा रहेको कल्पना गरेर मतदान गर्न आह्वान गरे । हालका जनमत सर्वेक्षणमा उहाँको स्वीकृति दर ३० प्रतिशतको आसपास रहेको र उच्च मूल्यवृद्धि तथा इरानविरुद्धको युद्धप्रति मतदाताको असन्तुष्टि बढिरहेको बताइएको छ ।

राष्ट्रपति ट्रम्पले इरानविरुद्धको युद्धको बचाउ गर्दै अमेरिका विजयी हुने र त्यससँगै तेलको मूल्य अझ घट्ने दाबी गरे । खाद्यान्नलगायत अधिकांश वस्तुको मूल्य घटिरहेको उल्लेख गर्दै उनले रणनीतिक रूपमा महत्त्वपूर्ण हर्मुज जलघाँटीलाई आफ्नै नाममा राख्न सकिने सुझावसमेत दिए ।

उनले डेमोक्रेटहरू विजयी भए अमेरिका साम्यवादी देश बन्ने दाबी गर्दै आगामी निर्वाचनले देशको आगामी २५० वर्षको दिशा निर्धारण गर्ने बताए । हालको प्रक्षेपणअनुसार डेमोक्रेटहरूले प्रतिनिधिसभामा २३० र रिपब्लिकनहरूले २०५ सिट तथा सिनेटमा डेमोक्रेटहरूले ५१ र रिपब्लिकनहरूले ४९ सिट जित्ने अनुमान गरिएको छ । यस्तो अवस्थामा राष्ट्रपति ट्रम्पप्रति वफादार मतदातालाई परिचालन गर्नुका साथै उनको कार्यकालप्रति असन्तुष्ट स्वतन्त्र मतदातालाई पार्टीबाट टाढा जान नदिनु रिपब्लिकनका लागि मुख्य चुनौती बनेको छ ।

अमेरिकन एयरलाइन्स सेन्टरमा भएको सम्मेलनमा रिपब्लिकनहरूले कर कटौती, आप्रवासन नियन्त्रण, उत्पादन वृद्धि र औषधिको मूल्य घटाउने विषयलाई प्राथमिकतामा राखेका थिए । सम्मेलनमा डेमोक्रेटिक सिनेटर जोन फेटरम्यानको भिडियो सम्बोधनसमेत समावेश गरिएको थियो । राजनीतिक चुनौतीका बाबजुद सम्मेलनको वातावरण उत्सवमय देखिएको थियो । राष्ट्रपति ट्रम्पका समर्थकले उनको नाम र तस्बिर तथा अमे थियो ।

# आम्दानी, ब्याज र खर्चको असन्तुलित चक्र



✍ उद्धव सिलवाल



हाम्रो विद्यमान वित्तीय ढाँचामा सबैभन्दा ठूलो संरचनागत विडम्बना रहेको छ । ऋणको लागतले उसको आर्थिक हैसियतसँग उल्टो सम्बन्ध राख्ने गरेको छ । अर्थात्, जो व्यक्ति आर्थिक रूपमा विपन्न र साधनहीन छन्, त्यस्ता व्यक्तिले नै महँगो ब्याजदरमा ऋण लिनुपर्ने बाध्यता छ । त्यस्ता व्यक्ति बैंकको ढोकासम्म पनि पुग्न सक्दैनन् । तर, उच्च आम्दानी हुनेका लागि बैंकका ढोकाहरू सस्तो ब्याजदरका साथ सधैं खुला रहन्छन् । अनि साँझ, बिहानको छाक टार्न धौ-धौ पर्ने वर्ग भने मिटरब्याजीको दलदलमा नफसीकन ऋण पाउनै नसक्ने अवस्थामा पुगेका छन् । सोही कारण विपन्न वर्गले सोचेभन्दा बढी रकम ब्याजमा खर्च गर्नु परेको हो ।

हाम्रो कर्जा बजारलाई हेर्दा यो निकै समावेशी र बहुस्तरीय देखिन्छ । तर यसको भित्री तहमा प्रवेश गर्ने हो भने यसले वर्गका आधारमा नागरिकलाई विभाजन गरिरहेको छ । वित्तीय पहुँच, धितोको उपलब्धता र कागजी प्रक्रियाको जटिलताका आधारमा कर्जा बजार चलिरहेको छ । जोसँग धितो राख्न जग्गाजमिन छैन, औपचारिक कागजात पुऱ्याउन नसक्ने त्यस्ता विपन्न नागरिकहरू साहु-महाजनसँग निर्भर रहेका छन् । अनौपचारिक क्षेत्रमा वार्षिक ५० प्रतिशत वा सोभन्दा पनि बढी मिटरब्याजका रूपमा असुलिने गरेको छ । दैनिक गुजारा चलाउन, उपचार गर्न वा वैदेशिक रोजगारीमा जानका लागि लिइने यस्तो ऋणले निम्न आय भएका वर्गलाई आजीवन दासताको चक्रमा धकेलिरहेको छ ।

साहुँ महाजनसँग ऋण लिने वर्गभन्दा अलिमाथिका समूह सहकारी संस्थाहरू आकर्षित हुने गरेका छन् । थोरै भए पनि पहुँच भएका र स्थानीयस्तरमा चिनजान भएका वर्गको रोजाइ सहकारी पर्ने गरेका छन् । जहाँ ब्याजदर सामान्यतया १२ देखि २० प्रतिशतसम्मको हाराहारीमा रहने गरेको छ । तर, सहकारी क्षेत्र पनि सञ्चालकको बदमासी र कमजोर नियमनका कारण विपन्नका लागि सुरक्षित र सर्वसुलभ हुन सकेको छैन । यो तहभन्दा अलि सम्पन्न वर्ग लघुवित्त संस्थामा कारोबार गर्ने गर्छन् । राष्ट्र बैंकले लघुवित्तका लागि अधिकतम १५ प्रतिशतको ब्याजदरको सीमा तोकेको छ । विपन्न, महिला र साना उद्यमीलाई लक्षित गरी खोलिएका लघुवित्तले केही हदसम्म वित्तीय समावेशितामा योगदान पुऱ्याएका छन् ।

कर्जा प्रवाहमा सबैभन्दा सस्तो तह औपचारिक बैंकिङ प्रणाली हो । कागजात, आम्दानीको आधिकारिक स्रोत र पर्याप्त धितो भएका मध्यम तथा उच्च वर्गको मात्र वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीसम्म पहुँच पुग्ने गरेको छ । राष्ट्र बैंकको नीतिअनुसार बैंकहरूले आधार दरमा निश्चित प्रतिशत थपेर तुलनात्मक रूपमा सस्तो दरमा कर्जा प्रवाह गर्छन् । यसले के देखाउँछ भने धितो र पहुँच हुनेले सस्तो कर्जा पाउँछन् भने धितो र पहुँच नहुनेले महँगो ऋणको भारी बोक्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

जसको आम्दानी राम्रो छ, उसले सबैभन्दा कम ब्याज र खर्च पनि त्यहीअनुसार गर्ने गर्छ । जसको आम्दानी कम छ, उसले सबैभन्दा चर्को ब्याज तिर्नुपर्ने प्रक्रियाले समृद्धिको नभई गरिबीको चक्र सिर्जना गरिरहेको छ । यसभन्दा पनि गम्भीर सामाजिक र आर्थिक विकृति तब उत्पन्न हुन्छ, जब औपचारिक प्रणालीबाट सस्तो कर्जा पाउनेले त्यसको दुरुपयोग गर्छन् । बैंकिङ प्रणालीमा सहज पहुँच भएका सुकिलामुकिला वर्ग जो आफूलाई एलिट भन्न रुचाउनेहरू सस्तो ब्याजदरमा बैंकबाट रकम झिकी सोही रकमलाई अनौपचारिक बजारमा चर्को ब्याजमा लगानी गर्नेसम्म गर्छन् । सस्तो पुँजीमाथि वर्गविशेषको एकाधिकार र त्यसैको बलमा विपन्नमाथिको वित्तीय दोहनले समाजमा आर्थिक असमानताको खाडललाई गहिरो र फराकिलो बनाएको छ ।

हाम्रो जनसङ्ख्या करिब तीन करोड रहेको छ तर विडम्बना जनसङ्ख्याको दोब्बरभन्दा बढी बैंक खाता खुलेका छन् । केन्द्रीय बैंकले सार्वजनिक गरेको बैंकिङ एण्ड फाइनान्सियल स्ट्याटिस्टिक्समा आव २०८२/८३ को असार मसान्तसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक र १६ वित्त कम्पनी गरी ५३ वटा वित्तीय संस्थामध्ये वाणिज्य बैंकमा रु पाँच करोड ४४ लाख, विकास बैंकमा रु ७८ लाख ८३ हजार र वित्त कम्पनीमा १० लाख ९२ हजार गरी कुल छ करोड ३४ लाख बैंक खाता रहेको उल्लेख छ । तर कर्जा खाताको सङ्ख्या भने वाणिज्य बैंकमा रु १७ लाख, विकास बैंकमा दुई लाख ६१ हजार र वित्त कम्पनीमा रु ६८ हजार गरी कुल २० लाख ३१ हजार रहेको पनि सोही प्रतिवेदनले देखाएको छ । यो भनेको सानो हिस्साले मात्रै औपचारिक बैंकिङ कर्जाको लाभ उठाइरहेको देखिन्छ । बाँकीका ठूलो जनसङ्ख्या कि त कर्जाको दायराभन्दा बाहिर छन् कि त महँगो अनौपचारिक ऋणको लपेटामा बेरिन बाध्य भएको तथ्याङ्कले पुष्टि गरेको छ ।

केन्द्रीय बैंकले सार्वजनिक गरेको तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थामा अहिले करिब कुल निक्षेप ८२ खर्ब ८० अर्ब रुपैयाँ रहेको छ भने कर्जा प्रवाह ५९ खर्ब ४७ अर्ब रुपैयाँमा मात्रै सिमित रहेको छ । वाणिज्य बैंकको भारित औसत ब्याजदर ३ दशमलव ५१ देखि ३ दशमलव ५७ प्रतिशतसम्म रहेको छ । कर्जाको भारित ब्याजदर ७ देखि ७.१२ प्रतिशतको हाराहारीमा रहेको छ । एकवर्षे मुद्दती निक्षेपको ब्याजदर चार प्रतिशतभन्दा तल झरिसकेको छ ।

यसले बैंकिङ क्षेत्रबाट निजी क्षेत्रमा जाने ऋण प्रवाह कमजोर देखाउँछ । सोही कारण उपभोग र लगानी दुवै कमजोर बनेका हुन् । यो विगत तीन वर्षदेखि घट्दो क्रममा रहेको छ । यो भनेको अर्थतन्त्रमा 'स्ट्यागनेन्ट र इन्फ्लेसन' दुवै छ भन्ने हो ।

ऋणको यो महँगो चक्रको पछाडि न्यून आम्दानी रहेको छ । न्यून आम्दानीको जरोमा गुणस्तरीय सीपको अभाव छ । राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० मा नेपालका ६४.९ प्रतिशत श्रमिकहरू दैनिक ज्यालादारी वा अनौपचारिक क्षेत्रमा कार्यरत रहेको उल्लेख छ । यसले नेपालको श्रमशक्तिले स्थिर खालको रोजगारी नपाएको देखाउँछ । त्यस्ता वर्गको आम्दानीको कुनै सुनिश्चता नै हुँदैन । आज काम पाइन्छ, भोलि पाइन्छ कि पाइँदैन भन्ने अन्योल रहेको छ । त्यस्ता समूहको स्वास्थ्य बिग्रिएमा आम्दानीले थेक्न नसक्ने हुन्छ । त्यस्ता वर्गसँग बजारमा उच्च मूल्य पाउने आधुनिक वा प्राविधिक सीप हुँदैन । सोही कारण अदक्ष श्रमिकका रूपमा न्यूनतम ज्यालामा काम गर्नबाहेक अर्को विकल्प नै हुँदैन । जब श्रमिकको दैनिक ज्यालाले आधार भूत आवश्यकता पनि पूरा हुन सक्दैन । तब परिवारमा अलिकति पनि स्वास्थ्य समस्या आउँदा, बालबच्चाको शिक्षाको खर्च थपिँदा वा चाडपर्व आउँदा ऋण लिनुबाहेक अर्को विकल्प रहँदैन । त्यस्तो ऋणको ब्याज महँगो हुनेहुँदा त्यस्ता वर्गामाथि थप खर्चको बोझ बढ्ने गरेको छ । त्यस्ता समूहसँग बैंकले पत्याउने धितो पनि हुँदैन । त्यसैले त्यस्ता वर्गमा मिटरब्याजी कहाँ पुग्नु रहर नभएर बाध्यता बनेको छ । यिनै कारणले आम्दानी कम हुनु, त्यसैमा पनि ऋणको ब्याज चर्को हुनु र सीप नभएका कारण आम्दानी बढाउन नसक्ने वर्ग नै सबैभन्दा बढी आम्दानी र खर्चको असन्तुलनबाट प्रभावित बन्न पुगेका छन् ।

अहिले राजनीतिक हिसाबले बलियो सरकार रहेको छ । यत्तिको सरकार बन्नसक्ने अवस्था भोलिका दिन कम छ । 'न भूतो न भविश्यती' भने जस्तो अहिले राजनीतिक हिसाबले यतिको सरकार पहिले पनि थिएन र पछि पनि हुने सम्भावना कम नै रहेको छ । यस्तो अवस्थालाई ध्यानमा राख्दै आम्दानी र ब्याजको असन्तुलित चक्रलाई तोड्नका लागि दुरगामी र संरचनागत सुधारको आवश्यकता पर्छ । यसका लागि औपचारिक बैंकिङ प्रणालीलाई धितोमा निर्भर नराखी परियोजनामुखी कर्जा प्रणालीमा रुपान्तरण गर्न सक्नुपर्छ ।

अनौपचारिक कर्जा बजारलाई कानुनी दायरामा ल्याउने, मिटरब्याजीलाई कडाई गर्ने र गाउँ-गाउँमा वित्तीय साक्षरताका साथै सहज वित्तीय पहुँच पुऱ्याउने कामलाई अब तीव्रता दिनुपर्छ । ६४.९ प्रतिशत अदक्ष श्रमिकलाई दक्ष बनाउन राष्ट्रियस्तरमा प्राविधिक तथा व्यावसायिक तालिममा सहभागी गराउनुपर्ने देखिन्छ । श्रमिकको सीप वृद्धि भनेको बजार मूल्य र आम्दानीमा बढोत्तरी हुनु हो । जबसम्म देशको बहुसङ्ख्यक ज्यालादारी र विपन्न नागरिकलाई सस्तो पुँजी र सीपसँग जोड्न सकिँदैन । तबसम्म समृद्धिको योजना कार्यान्वयनमा आउन नसकी कागजमै सीमित रहनेछ । त्यसैले कर्जा बजारको उल्टो चक्रलाई सल्ट्याएर जोसँग धितो राख्ने कुनै जायजेथा हुँदैन, त्यस्ता समूहलाई सहज रूपमा कर्जा प्रवाह गर्ने वातावरण सिर्जना गर्नसकेमा आम्दानी, ब्याज र खर्चको असन्तुलित चक्र अन्य हुन सक्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

**मेष** – सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**वृष** – हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ ।

**मिथुन** – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**कर्कट** – परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । विविन्न भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ ।

**सिंह** – इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ ।

**कन्या** – सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरूको विश्वासमा पर्दा धोका हुन सक्छ ।

**तुला** – आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**वृश्चिक** – सफलताले हिम्मत दिलाउनेछ । प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ । दिगो फाइदा हुने काम प्रारम्भ होला ।

**धनु** – कीर्तिमानी कामको यश लिँदै लोकप्रियता हासिल गर्न सकिनेछ । आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ ।

**मकर** – सुरुमा रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । आतिथ्य खर्चिलो देखिए पनि सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

**कुम्भ** – स्वास्थ्य कमजोर रहनाले काम पूरा गर्न केही बढी समय लाग्नेछ । जिम्मेवारी बढे पनि न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**मीन** – रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ । द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौती पन्छाएर काम बनाउन सकिनेछ ।

# सुदूरपश्चिमका ७९ पालिकाले बनाएका छैनन्; मानवअधिकार समन्वय समिति




**◣युग संवाददाता**
**कैलाली, २५ भदौ ।**

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मानवअधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न पटक-पटक ताकेता गरे पनि सुदूरपश्चिमका स्थानीय अधिकांश तहले चासो देखाएका छैनन् । प्रदेशका ८८ स्थानीय तहमध्ये नौ वटा पालिकाले मात्रै हालसम्म कार्ययोजनाअनुसारको समन्वय समिति गठनमा चासो नदेखाएको पाइएको हो ।

राष्ट्रिय मानवअधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका अनुसार प्रदेशका चार जिल्ला दार्चुला, बाजुरा, बझाङ र डडेल्धुराका कुनै पनि स्थानीय तहले कार्ययोजनाअनुसार समिति गठन गर्ने काम अघि बढाएका छैनन् । बाँकी पाँच जिल्लाका नौ वटा स्थानीय तहले मात्रै समिति गठन गरेको जानकारी गराएका छन् ।

हालसम्म प्रदेशका नौ जिल्लामध्ये कञ्चनपुर जिल्ला समन्वय समितिले मात्रै समिति गठन गरेको आयोगको प्रदेश कार्यालयका मानव अधिकार अधिकृत विदेशराम चौधरीले जानकारी दिए । त्यस्तै, ८८ पालिकामध्ये कञ्चनपुरका चार, अछामका दुई, बैतडी, कैलाली र डोटीका एक/एक गरी नौ पालिकामा मात्र समिति गठन गरिएको विवरण छ । ती पालिकामा कञ्चनपुरका दोधाराचाँदनी, पुनर्वास, बेलौरी नगरपालिका र लालझाडी गाउँपालिका, अछामको चौरपाटी र रामारोशन गाउँपालिका, बैतडीको मेलौली, कैलालीको भजनी नगरपालिका र डोटीको बडिकेदार गाउँपालिकामा मात्रै समन्वय समिति गठन भएका छन् ।

बाँकी आठ जिल्ला समन्वय समिति, ७८ पालिकाबाट त्यस्तो संयन्त्र निर्माणबारे कुनै पहल गरिएकाबारे जानकारी नआएको र दार्चुलाको मार्मा गाउँपालिकाले समिति गठन प्रक्रियामा रहेको मानवअधिकार अधिकृत चौधरीले बताए ।

**आयोगको परिपत्र, पालिकाको बेवास्ता**

मन्त्रीपरिषद् बैठकले गत असार २४ गते मानवअधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना (२०८३/८४-२०८७/८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । कार्ययोजनाले सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहलाई मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि स्पष्ट जिम्मेवारी तोकेको छ ।

त्यसअनुसार आयोगको प्रदेश कार्यालयले प्रदेशका नौवटै जिल्ला समन्वय समिति, ८८ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई परिपत्र गरेको थियो । परिपत्रमा कार्ययोजनाको व्यवस्थाअनुसार समिति गठन गरी त्यसको प्रगति १५ दिनभित्र जानकारी गराउन आग्रह गरे ७८ स्थानीय तहले त्यसबारे कुनै चासो नदिएको पाइएको हो ।

प्रदेश कार्यालय प्रमुख सहसचिव प्रकाशदत्त भट्टका अनुसार कार्ययोजनाले मानवअधिकारलाई छुट्टै कार्यालय वा आयोगको विषयका रूपमा मात्र नभई स्थानीय सरकारको नियमित योजना, बजेट, सेवा प्रवाह र विकास प्रक्रियाकै हिस्सा बनाएको छ ।

उनले भने, "त्यसका लागि सबै तहमा समन्वय समिति गठनको विषयलाई महत्वका साथ व्यवस्था गरिएको छ । त्यसले आफ्नो क्षेत्रको समग्र मानवअधिकारको स्थिति मूल्याङ्कन र कार्ययोजना कार्यान्वयनको नेतृत्व गर्दछन् ।"

छैटौँ राष्ट्रिय कार्ययोजनाले शिक्षा, स्वास्थ्य, खाद्य तथा आवासको अधिकार, श्रम तथा सामाजिक सुरक्षा, महिला तथा बाल अधिकार, वातावरण, न्याय प्रशासन, मानवबेचबिखन नियन्त्रण, सामाजिक समावेशीकरण र डिजिटल अधिकारलगायत १७ प्राथमिकता क्षेत्र समेटेको छ ।

कार्ययोजनामा प्रदेश सरकारलाई करिब १२२ र स्थानीय तहलाई १०१ वटा क्रियाकलापमा जिम्मेवार निकाय तोकिएको छ । ती जिम्मेवारी कार्यान्वयन गर्ने आधारभूत संयन्त्रसमेत अधिकांश स्थानीय तहमा नबन्दा कार्ययोजना कागजी दस्तावेजमै सीमित हुने जोखिमतर्फ आफूहरूले सुरुआतमै ध्यानाकर्षण गराएको कार्यालय प्रमुख भट्टले बताए ।

"मानवअधिकार संरक्षणका लागि राज्यले कार्ययोजना बनाएको छ, त्यसमा स्थानीय सरकारलाई महत्वपूर्ण भूमिका र जिम्मेवारी तोकिएको छ । यसबारेमा आयोगले परिपत्र गरिसकेको छ, तर यहाँका अधिकांश पालिकामा त्यसको पहिलो संस्थागत खुड्किलोका रूपमा रहेको समन्वय समिति गठनसमेत हुन सकेको छैन । यसबारे फेरि पनि ध्यानाकर्षण गराउँछौँ", उनले भने ।

आयोगले पहिलो चरणमा लिखित पत्राचार, दोस्रो चरणमा पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई फोनमार्फत जानकारी गराएको थियो । त्यसलगत्तै, स्थानीय तहका शिक्षा शाखा प्रमुखलाई कार्ययोजनाबारे जानकारी प्रदान गर्नाका साथै समिति गठनबारे जानकारी गराइएको मानवअधिकार अधिकृत दैवज्ञराज न्यौपानेले जानकारी दिए । कार्ययोजनाले परिकल्पना गरेअनुसार हालसम्म प्रदेशस्तरीय समितिसमेत गठन हुन नसकेको उनले जानकारी दिए ।

छैटौँ राष्ट्रिय कार्ययोजनाले प्रदेशमा प्रमुख सचिव, जिल्लामा समन्वय समिति प्रमुख र स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा समन्वय समिति रहने व्यवस्था छ । यी तीनै समितिले वर्षमा दुईपटक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ । सरकारले स्थानीय तहको कार्यसम्पादन, जवाफदेहिता, पारदर्शिता र सेवा प्रवाहको अवस्था वस्तुगत रूपमा मापन गर्न कार्यान्वयनमा ल्याएको 'स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (एलजिपिएएस)' मा पनि मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्यनलाई महत्वपूर्ण आधार मानेको छ ।

भोटेकोशी बाढी :

# जर्मनीको आठ मिलियन युरो सहायता



**◣युग संवाददाता**
**काठमाडौँ, २५ भदौ ।**

जर्मनीले रसुवाको भोटेकोशी बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि आठ मिलियन युरो सहायता गरेको छ । सहकार्य तथा युरोपेली र बहुपक्षीय संयन्त्रमार्फत उक्त सहयोग प्रदान गरिएको यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

जर्मनीले यसअघि पाँच लाख युरो मूल्य बराबरको आपतकालीन सहायता प्रदान गर्ने घोषणा गरेको थियो । नेपाल सरकारको अनुरोधमा भान्साका सामग्रीका सेट, त्रिपाल, लामखुट्टेको जाली, खानेपानी आपूर्तिका उपकरण तथा क्याम्प बेड युरोपेली सङ्घको नागरिक सुरक्षा संयन्त्रमार्फत नेपाल आउँदैछ ।

उक्त राहत सामग्री जर्मन सङ्घीय प्राविधिक राहत निकायका साथै जर्मन लाइफ सेभिङ एसोसिएसन र जर्मनीको थुरिङ्गिया सङ्घीय राज्यले उपलब्ध गराएका हुन् । त्यसैगरी, जर्मनीले तत्कालीन मानवीय आवश्यकता सम्बोधन गरिरहेका दुई संस्थालाई प्रत्यक्ष रूपमा दुई लाख युरो सहयोग प्रदान गरिरहेको छ । एउटा परियोजनाले विपद्बाट प्रभावित गर्भवती महिला, नयाँ आमा तथा नवजात शिशुको स्वास्थ्य र कल्याणमा ध्यान केन्द्रित गर्नेछ ।

यसअन्तर्गत आपतकालीन सामग्री उपलब्ध गराउने, अत्यावश्यक स्वास्थ्य सेवामा पहुँच कायम राख्ने तथा सङ्क्रमण रोकथामलाई सुदृढ गर्ने कार्य समावेश छन् । दोस्रो परियोजना युरोपेली सङ्घको मानवीय प्रतिकार्यको एक हिस्सा हुने दूतावासको भनाइ छ । जुन युरोपेली नागरिक सुरक्षा तथा मानवीय सहायता सञ्चालनसम्बन्धी महानिर्देशनालयमार्फत सञ्चालन हुनेछ ।

उक्त परियोजनामार्फत जर्मनीले विपद्बाट प्रभावित घरपरिवारका लागि आयआर्जनका अवसर सिर्जना, पूर्वाधार पुनःस्थापनामा सहयोग पुऱ्याउन तथा विस्थापित शिविरको अवस्था सुधार गर्न सहयोग गर्ने जनाएको छ ।

विपद्को प्रभाव तत्कालीन आपतकालीन अवस्थाभन्दा परसम्म रहने कुरालाई ध्यानमा राख्दै जर्मनीले आफ्नो विकास सहकार्यअन्तर्गत थप सात दशमलव ३५ मिलियन युरो परिचालन गरेको छ । उक्त रकम जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयले उपलब्ध गराउनेछ र कार्यान्वयन जिआइजेडमार्फत गरिनेछ । नेपाल सरकारसँगको दीर्घकालीन साझेदारीलाई निरन्तरता दिँदै जिआइजेडले स्वास्थ्य तथा ऊर्जाका क्षेत्रमा सहायता प्रदान गर्नेछ । यसमा अत्यावश्यक स्वास्थ्य सेवा, ऊर्जा तथा पानी आपूर्तिमा पहुँच कायम राख्न विशेष ध्यान दिइनेछ ।

जर्मनीले जलवायु तथा विपद् प्रतिरोधी पूर्वाधारलाई सुदृढ बनाउन तथा भविष्यमा आउने प्राकृतिक विपद्प्रति नेपालको उत्थानशीलता सुधार गर्न नेपालका दीर्घकालीन प्रयासलाई सहयोग गर्ने लक्ष्य राखेको छ ।

## जोखिममा...

घटना सबैभन्दा बढी सुर्खेतमा दर्ता भएका छन् । सुर्खेतमा एक सय सात वटा घटना भएका छन् । त्यसपछि सल्यानमा ५१, दैलेखमा ४२, रुकुम पश्चिममा ३९, जाजरकोटमा २२ र जुम्लामा २० वटा घटना दर्ता भएको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक व्यापकचन्द्र शाहले जानकारी दिए ।

त्यस्तै, हुम्लामा सात, मुगुमा ६, कालिकोटमा चार र डोल्पामा आत्महत्या सम्बन्धिका एक घटना दर्ता भएको छ । आत्महत्याका कुल घटनामध्ये सुर्खेतको हिस्सा ३५.६६ प्रतिशत रहेको छ । सबैभन्दा कम डोल्पामा ०.३३ प्रतिशत घटना दर्ता भएका छन् । नेपालमा पनि आत्महत्या ठूलो समस्या बनेको प्रहरीको तथ्यांकले देखाउँछ ।

आर्थिक वर्ष २०८२/०८३ मा देशभर सात हजार एक सय ३२ जनाको आत्महत्याबाट मृत्यु भएको छ । तथ्यांक अनुसार विश्वमा हरेक वर्ष करिब आठ लाख मानिसले आत्महत्या गर्छन् । प्रत्येक ४० सेकेन्डमा एक जनाको आत्महत्याबाट मृत्यु हुने तथ्यांक छ । नेपालमा औसतमा दैनिक २० जनाको आत्महत्याबाट मृत्यु हुने गरेको तथ्यांकले देखाउँछ ।

## पारिवारिकदेखि..

तथा सांस्कृतिक र वातावरणीय पक्षहरुको जटिल अन्तरक्रियाको उपज हो,' उनले भने, 'मानसिक तथा शारीरिक समस्या, पारिवारिक विवाद, प्रेम सम्बन्धमा समस्या, सम्बन्ध बिग्रिनु, आर्थिक समस्या, गरिबी र बेरोजगारीजस्ता कारणले मानिसमा आत्महत्याको सोच आउन गर्छ ।' यस्तै हिंसा, अपमान, बेवास्ता, नकारात्मक परिणाम तथा अत्यधिक चुरोट, मदिरा र लागूपदार्थको प्रयोगलाई पनि आत्महत्यासँग जोडिने उनको भनाई छ । यसले आत्महत्या व्यक्तिगत समस्यामा मात्र सीमित विषय नभएको उनले बताए । 'परिवार, विद्यालय, समुदाय र राज्यका निकायले पनि यसलाई गम्भीर सामाजिक समस्याका रूपमा लिनुपर्ने देखिन्छ,' उनले भने, 'विशेषगरी १९ देखि ३० वर्ष उमेर समूहमा मृत्युको संख्या सबैभन्दा बढी देखिएको छ ।' रोजगारी, आर्थिक समस्या, पारिवारिक सम्बन्ध, प्रेम सम्बन्ध तथा अन्य सामाजिक र व्यक्तिगत समस्याका कारण यो उमेर समूहमा पर्ने मानिसको मानसिक अवस्थाबारे थप ध्यान दिन आवश्यक रहेको उनले बताए ।

आत्महत्या रोकथामलाई प्रहरी वा स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी नबनाई परिवार, विद्यालय, स्थानीय तह, स्वास्थ्य संस्था र समुदायले साझा जिम्मेवारीका रूपमा लिनुपर्ने समदर्शीले बताए । समयमै समस्या पहिचान गर्ने, कुरा सुन्ने र आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था बलियो बनाउन सके आत्महत्याका घटना घटाउन सहयोग पुग्न सक्छ ।

आत्महत्याको सोचमा रहेका व्यक्तिको कुरा सुन्ने, उसलाई एक्लो महसुस हुन नदिने र आवश्यक पर्दा परामर्श तथा सहयोग उपलब्ध गराउनुपर्नेमा स्वास्थ्यकर्मीहरु जोड दिन्छन् । मानसिक समस्यालाई कमजोरीका रूपमा हेर्ने र समस्या लुकाउने प्रवृत्ति हटाउन पनि आवश्यक छ ।

जोखिममा रहेका व्यक्तिको अवस्था पहिल्यै पहिचान गरी समयमै सहयोग गर्ने वातावरण बनाउनतर्फ सरकारले मानसिक स्वास्थ्य रणनीति तयार गरेर काम गरिरहेको सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य महाशाखा प्रमुख विर्षबहादुर शाहीले बताए । सीमित स्रोत साधनका बीच कर्णालीको मानसिक स्वास्थ्य सुधारमा सरकारले काम गरिहेको उल्लेख गर्दै यसमा सबैको हातेमालो आवश्यक रहेको शाहीको भनाई छ ।


## वार्षिक दरभाउपत्र पेश गर्ने सम्बन्धमा सूचना

**सूचना प्रकाशन मिति : २०८३।०५।२६**

सुन्दर नेपाल संस्था सामुदायिक क्रियाशिल एक मुनाफा रहित गैर सरकारी संस्था हो । यस संस्थालाई आ.व. २०८३।०८४ लागि आवश्यक पर्ने कार्यालय सम्बन्धी दैनिक प्रयोजनका सामाग्री तथा सेवाहरु उपलब्ध गराउन सूचिकृत भएका आपूर्तिकर्ताबाट दरभाउ पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ ।

१. होटल सेवा
२. सवारी साधन भाडामा, सामाग्री ढुवानी सेवा
३. कम्प्युटर,प्रिन्ट र फोटोकपी मर्मत
४. छपाई सम्बन्धी प्रेस सेवा
५. फेलेक्स प्रिन्ट, होर्डिङ्ग वोर्ड, सूचना पाटि लेखाई
६. भाडाकुडा तथा प्लास्टिक सामाग्री, हार्डवेयर
७. कृर्षि उपकरण तथा वीउ विजन आपूर्ति
८. पत्रपत्रिका तथा रेडियोमा कार्यक्रम तथा विज्ञापन सेवा

सुचिकृत आवेदनकर्ताबाट आवेदन फर्मका साथै फर्म दर्ताको प्रमाणपत्र ,करचुक्ता प्रमाणपत्र,भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपीका साथै पेश गर्ने खामको बाहिर आपूर्तिकर्ताको नाम ,छाप, उपलब्ध गराउने सेवा उल्लेख गरी शिलबन्दी दरभाउ पत्र २०८३।०६।०१ गते कार्यालय समय भित्र पेश गर्नहुन अनुरोध छ । यसका लागि आवश्यक दरभाउ पत्र सुन्दर नेपाल संस्थाको website www.sundarnepal.org.np बाट download गरी वा सुन्दर नेपाल संस्थाको कार्यालयबाट पनि प्राप्त गर्न सकिने छ ।
यस विषयमा थप जानकारी लिनु पर्ने भएमा टलिफोन नं. ०८३- ५२०९२६/५२३५३० मा सर्म्पक गर्नेहोला ।

**सुन्दर नेपाल संस्थाको कार्यालय**
**आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०**



## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/२५)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८३ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी चौरजहारी नगरपालिकाले तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले, इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र (Hard Copy Only) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | खण्ड | संकलन/उत्खनन गरिने क्षेत्र | वडा नं. | अधिकतम उत्खनन् परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम सेवा शुल्क र मू.अ.कर बाहेक | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| CJM/RIVERBED/ NCB/ 01/083/084 | क | चौरजहारी नगरपालिका स्थित भेरी नदीको बाँस खोला, रानीसागर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडा नं. १ र २ | ६७०८९०।०० | रु. ३३५४४५०।०० | ३०००.०० |
| CJM/RIVERBED/ NCB/ 02/083/084 | ख | चौरजहारी नगरपालिका स्थित भेरी नदी लामाबगर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडानं. ३ | १३७७०९०।०० | रु. ६८८५४५०।०० | ३०००.०० |
| CJM/RIVERBED/ NCB/ 03/083/084 | ग | चौरजहारी नगरपालिका स्थित जहारीखोला,खहरेखोला टोटाखोला, कालीगार बाटढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडानं. ६,७ र ४ | ८१२१३०।०० | रु. ४०६०६५०।०० | ३०००.०० |

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website www.chaurjaharimun.gov.np मा हेर्न सकिनेछ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## सीमान्तकृत र विपन्न वर्गका चेलीहरूलाई विद्यालयमा टिकाइराख्न डुङ्गेश्वरले बनायो गुरुयोजना

**भक्तबहादुर शाही**
**दैलेख, २५ भदौ ।**

कर्णालीका जिल्लाका ग्रामिण भेगमा अझै पनि उमेर नपुग्दै विहेवारी गरिदिने चलन कायमै छ । विहेपछि कापी-कलम समात्ने हातहरूमा चुलोचौको र मेलापातले बीचैमा विद्यालय छाड्नुपर्ने तितो यथार्थ हो । तर दैलेखको दक्षिणमा पर्ने डुङ्गेश्वर गाउँपालिकाले भने अब हाम्रा पालिकाका पिडा बदल्ने अठोट लिएको छ ।




किशोरीहरूको शिक्षालाई निरन्तरता दिन र बालविवाहको चक्रव्यूहलाई तोड्न आइपास नेपालको प्राविधिक सहयोग र सोसेक नेपालको सहजीकरणमा किशोरीहरु उच्च शिक्षाबाट बञ्चित नहुन र विचमै विद्यालय छाडनु पर्ने बाध्यता हटाउन गुरुयोजना बनाएको छ । दुई दिनसम्म चलेको सरोकारवालाहरूको छलफलपछि गाउँमै यो विकृति विरुद्ध लड्ने ठोस गुरुयोजना तयार पारिएको हो ।

कार्यशाला गोष्ठीमा गाउँपालिका अध्यक्ष सुन्दरकुमार केसीले कर्णालीको यो दुःखद पाटोलाई स्वीकार्दै कर्णालीकी छोरीलाई उच्च शिक्षा दिलाउन सबैलाई एकजुट हुनपर्ने बताए । "बालविवाह र कम उमेरको गर्भधारणले हाम्रा फूलजस्ता चेलीहरूको भविष्य ओइलाइरहेको छ ।" उनले भने, "दिगो विकासको लक्ष्य भेट्न र यो साझा चुनौतीलाई जरैदेखि उखेल्न अब सिंहदरबारको ऐन मात्र होइन, हाम्रा टोल-टोल र घर-घरमा चेतनाको दियो बाल्नुपर्छ ।'

त्यसैगरी न्यायिक समितिकी संयोजक एवं गाउँपालिका उपाध्यक्ष कलावती न्यौपानेले बीचैमा पढाइ छाड्ने छात्राहरूको संख्या बढ्नु पालिकाको सबैभन्दा ठूलो चुनौती र चिन्ताको विषय भएको बताइन् । "अब भाषण र आश्वासनले पुग्दैन, साझेदार संस्थाहरूसँग हातेमालो गरेर गाउँको माटोमा परिणाम देखिने गरी काम गर्नुपर्छ ।" किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य परामर्श र परिवार नियोजनका साधन वितरण गर्दा उनीहरूको सामाजिक गोपनीयताको पूर्ण ग्यारेन्टी गर्न आवश्यक छ । जसले गर्दा उनीहरू बिनाकुनै संकोच खुलेर आफ्ना समस्या भन्न सकून् उनले थपिन ।

पालिकाका प्रवक्ता समेत रहेका वडानं -५ वडाअध्यक्ष प्रबलाल शर्माले यो अभियानलाई केवल कागजको पानामा मात्र सीमित हुन नदिने बताए । बालविवाह न्यूनीकरणका लागि स्पष्ट कार्ययोजना बनिसकेको र यसलाई पालिकाभरि कडा रूपमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाए ।

त्यस्तै, प्रमुख प्रशासकीय अधिकृत श्रीशम्सेर रानाने किशोर-किशोरीका संवेदनशील समस्यामा केन्द्रित यो कार्यशालालाई अति नै समयसापेक्ष भन्दै यस्ता कार्यक्रमलाई पालिकाले निरन्तर बजेट र आफ्नो पूर्ण साथ दिने बताए ।

**चेलीको चित्कार कम गर्न समुदायको भूमिका महत्वपुर्णः देवकोटा**

कार्यक्रमका सहजकर्ता जीवन देवकोटाले कानुनको डर देखाएर मात्र बालविवाह र कम उमेरका किशोरीको गर्भधारण रोक्न नसकिने बताए । ग्रामिण भेगका चेलीहरूको मनभित्रको पिडालाई औल्याउदै भने, "बालविवाहका कारण पैदा हुने चेलीको चीत्कार कम गर्न कानुन मात्र होइन, समुदायको भूमिका सबैभन्दा महत्वपुर्ण हुन्छ । जबसम्म समुदाय आफै भित्रबाट जाग्दैन,र सरोकारवाला निकायबीच बलियो समन्वय हुँदैन, तबसम्म कानुनका किताबहरू दराजमै कार्यान्वयन हुदैन,दराजमै थन्किरहन्छन् ।

दुई दिनसम्म चलेको यो वैचारिक छलफलको पहिलो दिन बाल अधिकार, कानुनी व्यवस्था र बालविवाहले आमा र शिशुको स्वास्थ्यमा पार्ने जोखिमबारे गम्भीर छलफल भएको थियो भने दोस्रो दिनमा किशोरीहरूलाई जीवन उपयोगी सीप सिकाउने, विद्यालयमा छात्रामैत्री सुरक्षित वातावरण बनाउने र समुदायलाई जागरुक बनाउने व्यावहारिक उपायहरू बारे जानकारी दिईएको थियो ।

गोष्ठीमा स्थानीय सरकार, नेपाल प्रहरी, पत्रकार र सामाजिक संघ-संस्थाहरूले फरक-फरक समूह बनाएर पालिकामा बालविवाह र विद्यालय छोड्ने दरलाई शून्यमा झार्ने एउटा प्रतिबद्ध कार्ययोजना पास गरेका छन् । यो सकारात्मक प्रयासले डुङ्गेश्वर पालिकामा रहेका सीमान्तकृत र विपन्न वर्गका किशोर ी(चेलीहरू) लाई विद्यालयको आँगनमै टिकाइराख्न र उनीहरूको सुनौलो भविष्य सुनिश्चित हुने विश्वास लिएको छ ।

## बाजुराका आमाको व्यथाः
## बाटामै जन्मन्छन् शिशु

**युग संवाददाता**
**बाजुरा, २५ भदौ ।**

मातृत्व र सुरक्षित सुत्केरीका लागि अनेकन कार्यक्रम सञ्चालन गरिन्छ । जनचेतनाका लागि भन्दै राजधानी काठमाडौं र देशका ठूला सहरमा गोष्ठी, सेमिनार पनि हुने गर्छन् । सचेतनाका अनेकन कार्यक्रम सञ्चालन गरिएका छन् ।

सरकारले सुरक्षित मातृत्वका लागि सुनौला हजार दिनको कार्यक्रम सञ्चालन गर्दै आएको छ तर त्यस्ता कार्यक्रमले बाजुरामा हालसम्म प्रभाव पार्न नसकेको पाइएको छ ।

दुर्गम क्षेत्रका गर्भवतीले सुत्केरी हुने समयमा अझै पनि ठूलो जोखिम मोल्नुपर्ने बाध्यता छ । नौवटा स्थानीय तहका प्रायः वडामा आधारभूत स्वास्थ्य संस्थाको पहुँच छ तर विडम्बना, बाजुराका आमाले अझै बाटोमा बच्चा जन्माउनुपर्ने पीडादायी अवस्था कायम नै छ ।

त्यस्तै, पीडादायी व्यथाको सिकार बन्नुभयो- खप्तड छेडेदह गाउँपालिका-४ की २६ वर्षीया कमला बोगटी । उनले मङ्गलबार दिउँसो बूढीगङ्गा नगरपालिका-६, फलासैन बजारमाथिको बाटोमा छोरालाई जन्म दिएका हुन ।

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पदाधिकारी नियुक्त

**युग संवाददाता**
**सुर्खेत, २५ भदौ ।**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा शिक्षाध्यक्षसहितका चार पदाधिकारी नियुक्त भएका छन् । प्रतिष्ठानको शिक्षाध्यक्षमा प्रा डा धर्मदत्त सुवेदी, रजिष्ट्रारमा उपप्रध्यापक प्रकाशचन्द्र खत्री, डिनमा सहप्राडा सन्दीप श्रेष्ठ र निर्देशकमा सहप्राडा विनम्र विष्टलाई नियुक्त गरिएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रतिष्ठानका उपकुलपति प्राडा सूर्यमान मेन्याङ्वो संयोकजत्वको तीन सदस्यीय सिफारिस समितिको सिफारिसमा बुधबार उनीहरूलाई नियुक्त गरिएको हो ।

उपकुलपति प्राडा मेन्याङ्वोले योग्यता प्रणाली अनुसार शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन र निर्देशक नियक्त गरिएको जानकारी दिए । पदाधिकारी नियुक्त भएसँगै प्रतिष्ठानले पूर्णता पाएको छ । उनका अनुसार शिक्षाध्यक्षमा पाँच, रजिष्ट्रारमा १५, डिनका लागि आठ जनाले आवेदन दिएका थिए भने निर्देशकमा एक जनाको मात्र आवेदन परेको थियो ।

## बालविवाह र लागुऔषधविरुद्ध घरदैलो अभियान

**सरला सुवेदी**
**बर्दिया, २५ भदौ ।**

बालविवाह न्यूनीकरण, लागुऔषध दुरुपयोग रोकथाम, बाल संरक्षण तथा 'एक घर, एक अध्ययन कुनो' अभियानसम्बन्धी घरदैलो जनचेतनामूलक अभियान बर्दियाको मधुवन नगरपालिका-१ स्थित पथ्थरबोझी गाउँमा सम्पन्न भएको छ ।

प्लान इन्टरनेसनल नेपालको साझेदारीमा बाँके युनेस्को क्लब र राधाकृष्ण थारू जनसेवा केन्द्रद्वारा संयुक्त रूपमा सञ्चालित सुरक्षित भविष्य परियोजनाअन्तर्गत अभियान सञ्चालन गरिएको हो । स्थानीय सरकार, समुदाय, सरोकारवाला निकाय तथा सामुदायिक प्रहरीसँगको समन्वय र सहकार्यमा सञ्चालित अभियानले बालबालिका, किशोरकिशोरी तथा युवाका लागि सुरक्षित, संरक्षणयुक्त र सहयोगी वातावरण निर्माण गर्नुपर्ने सन्देश प्रवाह गरेको थियो ।

अभियानमा मधुवन नगरपालिका-१ का वडाध्यक्ष मिनबहादुर थापाको सहभागिता रहेको थियो । उनले समुदायका अभिभावक तथा स्थानीय बासिन्दालाई बालविवाह र लागुऔषध दुरुपयोगका कारण, जोखिम तथा त्यसबाट हुने नकारात्मक प्रभावबारे जानकारी गराउँदै बालबालिकालाई उचित हेरचाह, संरक्षण, मार्गदर्शन तथा शैक्षिक सहयोग उपलब्ध गराउन आग्रह गरे ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोट (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री रिता पुन धनि रहेको, दर्ता नम्बर २४०/२०७०/०७८/०७९ बाट भेरी न.पा-३, जाजरकोटमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको रिनु पशुपंक्षी फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोट समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोट (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री रिता पुन धनि रहेको, दर्ता नम्बर २४१/२०७१/०७८/०७९ बाट भेरी न.पा-३, जाजरकोटमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको रितु कृषि फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोट समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।